**पुस्तकः** मिडियाको लोकतन्त्रीकरण
**लेखकः** विनयकुमार कसजू
**प्रकाशन मितिः** २०६३
**प्रकाशकः** सञ्चार अधिकार केन्द्र,
मिडिया सर्भिसेज इन्टरनेसनल
**मूल्यः** २५/-
**पृष्ठः** ४८




नेपालमा लोकतन्त्र भन्ने शब्द २०६२/०६३ को जनआन्दोलनसँग जोडिएर बढी प्रयोगमा आएको छ। त्यसैले यो शब्दको 'कन्टेक्स्चुअल मिनिङ' छ। सो आन्दोलनभन्दा अघि अत्यधिक प्रयोगमा आएको शब्द 'प्रजातन्त्र' ले राजासमेत बोकेको अर्थ लगाइएको थियो। लोकतन्त्र अब प्रजातन्त्र भन्ने शब्दको समानार्थी रहेन। सारमा यी दुवैले जनताको शासन नै भन्ने प्रतिनिधित्व गर्छन्। तर यतिखेर लोकतन्त्रलाई राजाविहीन प्रजातन्त्रका रूपमा लिने गरिएको छ। यतिखेर नयाँ नेपालबारे थुप्रै बहसहरू पनि भइरहेका छन्। यस्ता बहसहरूको प्रसारण र जानकारी गराउने काममा मिडियाको भूमिकालाई पनि महत्त्वपूर्ण मानिन्छ।

जनतालाई सुसूचित र शिक्षित बनाएर सही जनमत बनाउने र जनताको मत निर्बाध रूपमा अभिव्यक्त गर्ने काममा मिडियाले सहयोग गर्छ। त्यसैले मिडिया स्वतन्त्रता (चलनचल्तीमा प्रेस स्वतन्त्रता) माथि शासकीय हस्तक्षेप हुनेबित्तिकै ठूलो हल्लाखल्ला हुन्छ। त्यसैले कुनै पनि देशको स्वतन्त्रतालाई त्यो देशको मिडिया स्वतन्त्रतासँग जोडेर हेरिन्छ। नेपालमा मिडियाको इतिहास हेर्दा अधिकांश समय अलोकतान्त्रिक राज्यको छत्रछायाँमा रह्यो। २०४७ देखि

स्वतन्त्रपूर्वक केही आकार लिँदै जान थालेको मिडियाले त्यही बीचमै र पछिल्ला पाँच वर्षमा पनि बेलाबेलामा राज्यका तर्फबाट हस्तक्षेप खप्नुपरेको छ । यसमा २०६१ माघ १९ मिडिया हस्तक्षेपको चरम नमुना थियो ।

तर राज्यको यत्रो पीडा पाएको नेपाली मिडिया आफूलाई पनि कहिल्यै लोकतान्त्रिक बनाउनतिर लाग्यो त ? भन्ने प्रश्न तेर्स्याउँदा अधिकांश जसो नकारात्मक उत्तर भेटिन्छ । यसको ठूलो प्रमाण पनि त्यही माघ १९ थियो । त्यति बेला राज्यले गरेको दमनको निहुँमा मिडिया मालिकहरूले व्यापार कम भएको जनाएर आफ्नै कामदार पत्रकारलाई निष्कासन गरेका थिए जसलाई सुदूरपश्चिमको हलियाको प्रथासँग पनि जोड्न सकिन्छ । खेती लगाउने बेलामा हलिया रोजगार हुन्छ । उसको पसिना सिञ्चित श्रमले उत्पादन हुन्छ, तर त्यो उत्पादनमा उसको अंश हुँदैन र साहुले कुनै समयमा दिएको ब्याजबापत हरेक वर्ष उसै गरी जोतिनु नियति बन्छ । हो, ठ्याक्कै त्यस्तै भएको थियो सङ्कटको समयमा नेपाली पत्रकारहरूको स्थिति ।

अरूबाट लोकतन्त्रीकरणको अपेक्षा राख्ने मिडिया आफै पनि लोकतान्त्रिक हुनु पर्ने औँल्याउँदै पत्रकार विनयकुमार कसजूद्वारा लिखित *मिडियाको लोकतन्त्रीकरण* पुस्तक प्रकाशन भएको छ । रूपमा हेर्दा पुस्तक निकै सानो छ । तर पुस्तकभित्र उठाइएका विषयवस्तु गहन छन् । नेपाली मिडिया र यसलाई नजिकबाट हेर्ने र बुझ्नेहरूका लागि त्यसमा उठाइएका कुरा ठूला चुनौती हुन् । विषय सूची विनाको यो पुस्तकमा 'मिडियामा लोकतन्त्र किन ?', 'लोकतान्त्रिक मिडियासँग सरोकारका विषयहरू', 'लोकतन्त्रीकरण कसरी ?', 'जनताको सञ्चार अधिकार बडापत्र' शीर्षकका लेख मुख्य छन् जसमा लेखकले मिडिया र लोकतन्त्रबारे बहस उठाएका छन् । लेखकले पुस्तकको सिलसिलेवार खण्ड वा अध्याय त प्रस्ट पारेका छैनन् । यद्यपि उनले आफ्ना कुरा भन्नुभन्दा अघि नै 'लोकतान्त्रिक नेपालमा सञ्चार शक्ति जनताको हातमा' भन्ने शीर्षकमा पाँच ओटा बुँदालाई उल्लेख गरेका छन् । ती बुँदामा पहिलो, रेडियो जनताको तरङ्ग भएकाले हरेक गाउँ, समुदाय, गाविसले स्टेसन सञ्चालन गर्न पाउनुपर्ने; दोस्रो, टेलिफोन नेपालीको अधिकार भएकाले यो किन्न चाहनेले २४ घण्टाभित्र पाउनुपर्ने; तेस्रो, डिजिटल रूपमा रेडियो तरङ्गबाट चल्ने सबै सेवा प्रविधि देशका सबै भागमा निर्बाध सञ्चालन गर्न राज्यले सञ्चार भू-उपग्रह र देशव्यापी सञ्चार सञ्जाल उपलब्ध गराउनुपर्ने; चौथो, सञ्चारमाध्यम रोज्ने जनताको अधिकार भएकाले यसका प्रशस्त विकल्प हुनुपर्ने र पाँचौँ, मिडियामाथि कसैको एकाधिकार हुन नहुने र सरकार सेना (हतियारधारी शक्ति), विदेशी कम्पनी, गैरसञ्चार क्षेत्रमा लगानी गरेका व्यक्ति वा कम्पनीले मिडिया सञ्चालन गर्न नहुने छन् ।

सुरुको शीर्षक 'मिडियामा लोकतन्त्र किन ?' मा लोकतन्त्रका लागि मिडिया र स्वतन्त्र मिडियाका लागि लोकतन्त्रको परस्परको सम्बन्ध उल्लेख गरेका छन् । मिडियाको लोतन्त्रीकरण किन आवश्यक छ र यो कसरी अलोकतान्त्रिक बन्न सक्छ, र अलोकतान्त्रिक भयो भने के हुन्छ इत्यादि स-साना उपशीर्षकमा केही सन्दर्भसहित चर्चा गरिएको छ । लोकतन्त्रका लागि मिडियाले जनताको वकालत गर्न आवश्यक रहेको र जब मिडियाले खुलेर जस्ताको तस्तै समाचार सम्प्रेषण गर्छ अनि मात्र लोकतन्त्रको अनुभूति हुने उल्लेख गरिएको छ। कुनै पनि सञ्चारमाध्यममाथि सरकारी पक्षबाट रोकटोक हुनुहुँदैन तर सञ्चारमाध्यम पनि विज्ञापनदाता, व्यापारी, उद्योगीहरूको पक्षमा लाग्दा जनताको पक्षमा वकालत गर्न नसक्ने धारणा छ उनको । त्यसैले मिडियाले प्रभावकारी काम गर्नका लागि यो सदा सर्वदा स्वतन्त्र हुनुपर्छ भन्ने आग्रह लेखक कसजूले गरेका छन् । मिडियामा लगानी गर्ने मालिक र मिडियाका अन्तर्वस्तु उत्पादन गर्ने पत्रकारमध्ये मिडियाका दैनिक गतिविधिमा मालिकको भन्दा पत्रकारको पहुँच धेरै हुनुपर्ने आग्रह गरेका छन् । मिडिया नाफामूलक मात्र भयो भने चाउचाउ कम्पनी र मिडियामा केही फरक हुने छैन भन्ने तर्क छ लेखकको (पृ. ८) । सरकार, सेना, विदेशी कम्पनी, गैरसरकारी क्षेत्रमा लगानी गर्ने व्यक्ति वा कम्पनीहरूको मिडियामा पहुँच भयो भने त्यो मिडियाको व्यापारीकरण हुन्छ भन्ने उनको तर्कलाई पुस्तकमा सरल तरिकाले देखाइएको छ ।

लेखकले प्रेसले खेल्ने जनकल्याणकारी भूमिका र मिसन पत्रकारिता अहिले लोप हुन थालेकोमा चिन्ता व्यक्त गरेका छन् । 'मिडिया पनि अलोकतान्त्रिक बन्न सक्छ ?' उपशीर्षकअन्तर्गत उनी लेख्छन्, "सामन्तवाद भनेको दरबारमा मात्रै बस्दैन । यो दिमाग र स्वभावमा बस्छ । मिडिया मालिक, व्यक्ति र संस्था तथा सञ्चारकर्मीहरूमा पनि यो प्रवृत्ति बेलाबेलामा देखिन्छ । सम्पादकको बोका मर्दा समाचार बनेको तर कसैको घरखेत पहिरोले लैजाँदा समाचार नबनेका कैयौँ उदाहरण छन्" (पृ. ८) । तर यत्रो आरोप लगाउँदा उदाहरणको अभावले लेखकको यो तर्कलाई कमजोर बनाएको छ ।

यही शीर्षकको 'दोस्रो जनआन्दोलनमा मिडियाको भूमिका' उपशीर्षकअन्तर्गत २०६२/६३ को जनआन्दोलनमा लाखौं जनतालाई आफ्नो अधिकारका लागि गाउँ, गाउँबाट, सहर र राजधानीमा उत्रन प्रेरित गर्ने एउटा कारक तत्त्वमध्ये गएका बाह्र वर्षमा फस्टाएको मिडिया पनि एक हो भन्ने लेखकको निष्कर्ष छ । २०४६ पछिको अवस्थामा फस्टाएको मिडियाले दोस्रो जनआन्दोलनताका निर्वाह गरेको भूमिकालाई लेखकले औंल्याएका छन् । 'संविधान सभाको निर्वाचनको

चरणमा मिडियाको भूमिका' शीर्षकमा संविधानसभाको निर्वाचनबारे भएका बहसलाई लेखाजोखा गरेका छन् उनले । संविधानसभा भनेको के हो ? यो किन हुनुपर्छ ? भन्ने जस्ता कुरा धेरै जनतालाई थाहा छैन र यसका फाइदा बेफाइदा, निर्वाचन प्रक्रिया आदिबारे मिडियाले प्रशस्त सामग्री सम्प्रेषण गर्न आवश्यक रहेको पनि लेखकको धारणा छ (पृ. १०) ।

दोस्रो शीर्षक 'लोकतान्त्रिक मिडियासँग सरोकारका विषयहरू' अन्तर्गत 'सञ्चारमा सामन्ती प्रवृत्ति र तावेदारी पत्रकारिता' उपशीर्षकमा लेखकले यो अवस्था दोस्रो जनआन्दोलनअघि त थियो नै त्यसपछि पनि नहराएको उल्लेख गरेका छन् । बाह्रवर्षे प्रजातन्त्रमा मिडिया, सञ्चारको बढ्दो खाडल, मिडियाको दुरुपयोग, नेताहरूको मिडियाप्रति नकारात्मक धारणा, माओवादी र प्रेस स्वतन्त्रता, श्रमजीवी पत्रकारको हकहित र वृत्ति विकास, उपेक्षित वर्ग र समुदायको सहभागिता जस्ता विषयहरूलाई विभिन्न उपशीर्षकमा पुस्तकमा चर्चा गरिएको छ । यस्तै एउटा उपशीर्षक 'मिडियाको दुरुपयोग' मा कुनै पनि व्यक्तिको जीवनमा पर्नसक्ने प्रभावबारे विचारै नगरी समाचार छाप्नाले त्यसको असर नराम्रो त हुन्छ नै, साथै त्यसले मिडियाको दुरुपयोग पनि हुन्छ भन्ने कुरालाई चलचित्र कलाकार श्रीषा कार्कीको आत्महत्या प्रकरणसँग जोडेका छन् । कुनै उद्योगको उत्पादनमा मिसावट वा खराबीको समाचार छाप्ने पत्रिकाले अर्को अङ्कदेखि त्यही उद्योगको आकर्षक विज्ञापन छाप्न थाल्ने गरेको प्रवृत्तिलाई कुनै उदाहरणविना उल्लेख गरेका छन् । लेखक मिडियाबारे टिप्पणी गर्दै आत्महत्यासम्बन्धी समाचारमा आत्महत्या गरेका मानिसको फोटो र कसरी आत्महत्या गऱ्यो भन्ने विधिसहितको वृत्तान्तले व्यक्तिको सामाजिक बेइज्जत हुने र आत्महत्याका उपाय सिकाएको हुनसक्ने बताउँछन् (पृ. २१) ।

तेस्रो शीर्षक 'लोकतन्त्रीकरण कसरी ?' मा २०६२/६३ को जनआन्दोलनपश्चात् पुनर्स्थापना भएको प्रतिनिधि सभाका गतिविधिमाथि प्रेसको पहुँच पाएको कुरासँग पनि जोडिएको छ । विगतमा भएका नीतिगत प्रयासलाई ध्यान राख्दै आमसञ्चार तथा पत्रकारिता शिक्षामा प्रवेश गर्नेहरूको लहर बढे पनि यसलाई दक्ष र प्रतिबद्ध तुल्याउन प्राज्ञिक शिक्षा उपयोगी र प्रभावकारी हुने औंल्याएका छन् । यस्तै गाउँगाउँमा सूचना केन्द्र पुग्नुपर्ने र सरकारी मिडियाको लोकतन्त्रीकरण, सरकार, सेना, राजनीतिक र हतियारधारी समूहले मिडियाको सञ्चालन गर्न नहुने, मिडिया समावेशी हुनुपर्ने, केन्द्रीय मिडियाको वर्चश्वको अन्त हुनुपर्ने आदि कुराहरू अनिवार्य भएको उल्लेख गरेका छन् ।

अन्तिम शीर्षक 'जनताको सञ्चार अधिकार बडापत्र' मा सञ्चार अधिकार बडापत्रका धारा १ देखि १८ सम्मका क्रमशः सम्मान, स्वतन्त्रता, पहुँच,

आत्मनिर्भरता, साक्षरता, पत्रकारको संरक्षण, स्पष्टीकरण दिने र क्षतिपूर्ति पाउने अधिकार, सांस्कृतिक पहिचान, भाषाको विविधता, नीतिनिर्माणमा सहभागिता, बालबालिकाको अधिकार, सूचना प्रविधि/साइबरस्पेस, गोपनीयता, हानि नोक्सानी, न्याय, उपभोग, उत्तरदायित्व र कार्यान्वयनलाई साभार गरिएको छ। तर बडापत्रलाई किन राखिएको हो र यो बडापत्रमा कहाँ कसले हस्ताक्षर गरेको हो र कसको बडापत्र हो भन्ने जानकारी नदिइनाले यसको उपयोगिता भए पनि अपूरो देखिन्छ।

पुस्तकले उठाएका कुरा राम्रा हुँदाहुँदै पनि यसका केही कमजोरीहरू छन्। पहिलो कुरा, पुस्तकमा उठाइएका विषय गहिराइमा पुगेका छैनन्। मिडियाको लोकतन्त्रीकरण भन्ने विषय आफैँमा बृहत् विषय हो। 'मिडियामाथि निगरानी: नागरिक समाजको भूमिका' उपशीर्षकमा बाह्रवर्षे प्रजातान्त्रिक कालमा प्रेस काउन्सिलले प्रेसको विकासका लागि भूमिका खेले तापनि अरू देशका प्रेस काउन्सिल जस्तो प्रेसले गरेका गल्ती सुन्न नसकेको औँल्याएका छन्। तर यसका कारण खोतल्न सकेका छैनन्। प्रेसको वर्गीकरण लगायतका प्रेस काउन्सिलले गर्ने काममा नागरिक समाजको निगरानी आवश्यक भएको लेखकको तर्क सही मान्न त सकिन्छ। तर नेपालको नागरिक समाज आफैमा भिन्न भिन्न चिरामा रहेको छ। नागरिक समाजको भूमिकालाई पनि मिहिन रूपले विश्लेषण गर्नुपर्ने आवश्यक भएको कुरालाई लेखकले बिर्सेको जस्तो लाग्छ। नागरिक समाजको निगरानीको कार्यपद्धति कस्तो हुनसक्छ भन्नेबारे पनि केही उल्लेख गर्न सकेको भए उत्तम हुने थियो। प्रेस काउन्सिलको कार्यक्षेत्रभित्र विद्युतीय सञ्चारमाध्यम नपरेका कारण रेडियो सगरमाथाले रेडियो अम्बुड्सम्यानको गठन गरेको उल्लेख गरे पनि २०५७ सालमा गठित अम्बुड्सम्यानले अहिले कस्तो कार्य गरेको छ ? भन्नेबारे केही उल्लेख गरेका छैनन् लेखकले। पृष्ठ १७, १८ र ३३ का कुरामा धेरै भिन्नता नभएकाले बाह्र वर्षको प्रजातन्त्रमा मिडिया, सञ्चारको बढ्दो खाडल र क्षेत्रीय मिडियालाई छुट्टाछुट्टै लेख्न आवश्यक थिएन। यी तीनैओटा उपशीर्षकले एउटै कुरामा बढी जोड दिएको छ, त्यो हो ग्रामीण क्षेत्रमा पनि मिडिया जानुपऱ्यो। यी सबै तीनओटै उपशीर्षका कुरालाई एकै ठाउँमा राख्दा विषयवस्तु छरितो हुन्थ्यो। एकै ठाउँमा धेरै कुरा बुझ्न पनि सकिन्थ्यो। थोरै कुरा धेरै ठाउँमा दोहोऱ्याएर दिइएको यो सन्दर्भले सम्पादनको कमजोर पक्षलाई उजागर गर्छ।

सानो पुस्तकमा धेरै कुरा समेट्न खोज्नु राम्रो भए तापनि आवश्यकभन्दा कम कुरा मात्र अटाएको छ। पुस्तक पढिसकेपछि पनि केही बाँकी छ कि भन्ने

अनुभव पाठकलाई हुन्छ । त्यस्तै माघ १९ को घटनापछि विभिन्न मिडियाबाट पत्रकार फालिएको कुरा लेखकले उठाएका छन् । तर यस्ता धेरै सन्दर्भमा सामान्यीकरण गरेर कुराहरू उठाइएको छ । कुन मिडियाले क-कसलाई फाल्यो भनेर उदाहरण दिइएको छैन । न त राजनीतिमुखी पत्रकारिता हाबी भएको भन्ने आरोपमा नै उदाहरण दिइएको छ । नेपाली मिडियामा विदेशी लगानीको सन्दर्भमा चर्चा गरिएको ठाउँमा पनि उदाहरणको अभाव छ । एउटा मिडिया हाउसले तीन ओटा मिडिया चलाउन पाउनुहुँदैन भने पनि किन नपाउने भन्नेबारे लेखकले प्रस्टचाएका छैनन् । लेखकलाई यस्ता कुरा किन थाहा भएन भनेर पाठकले सोध्नु स्वाभाविकै हो । अर्को कुरा मिडियाको विकेन्द्रीकरणको आवाज उठाउँछन्, गाउँगाउँमा सूचना केन्द्रको स्थापनाको कुरा गर्छन् । तर सूचना केन्द्र कसरी स्थापना गर्ने यसका उपायहरू दिँदैनन् । 'माओवादी र प्रेस स्वतन्त्रता' शीर्षकमा नेकपा माओवादीका अध्यक्ष प्रचण्डले *साँघु* साप्ताहिकलाई दिएको अन्तर्वार्तालाई साभार गरिएको छ । तर यो अन्तर्वार्तालाई बीचमा किन समावेश गर्नुपर्‍यो भन्नेमा पाठक अल्मलिने सम्भावना छ ।

पुस्तकमा उल्लेख सन्दर्भमध्ये केही भनाइबाहेक लेखकले आफूलाई लागेका धेरै कुरा व्यक्त गर्न खोजे जस्तो देखिन्छ । किनभने उठान गरिएका विषयको सन्दर्भ र स्रोत प्रस्ट उल्लेख नहुनु, आवश्यक ठाउँमा उदाहरण पनि नदिनु र विगतका अध्ययनलाई उल्लेख नगरी पुस्तकमा भएका कुरा लेखकका आफ्नै खोज जस्तो बनाएका छन् । यति हुँदाहुँदै पनि लेखकले उठान गरेको विषय सान्दर्भिक र महत्त्वपूर्ण छ । समग्रमा पत्रकारितामा लागेका व्यक्ति तथा मिडिया हाउस सञ्चालकका निम्ति प्रस्तुत पुस्तक सहयोगी हुने कुरामा द्विविधा भने छैन ।

**किरण अधिकारी**
हेडलाइन्स एण्ड म्युजिक एफएम